# विहादी गाउँपालिका

## स्थानीय राजपत्र

| खण्ड ७ | संख्या ५ | मिति २०८०।११।१८ |
|---|---|---|

# भाग २

## विहादी गाउँपालिका
## गण्डकी प्रदेश, नेपाल

### संवत २०७५ सालको कार्यविधि संख्या ३

### (विहादी गाउँपालिकाको विपद राहत तथा आर्थिक सहायता व्यवस्थापन कार्यविधि, २०७५) मा दोस्रो संशोधन

**विहादी गाउँपालिकाको विपद राहत तथा आर्थिक सहायकता व्यवस्थापन कार्यविधि, २०७५ (पहिलो संशोधन) मा मिति २०७९।०९।२२ र २०८०।०२।०८ को कार्यपालिकावाट देहाय बमोजिम संशोधन गरिएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम विहादी गाउँपालिकाको स्थानीय राजपत्र प्रकाशन सम्बन्धि कार्यविधि, २०७५ अनुसार सर्वसाधारण सम्पूर्णको जानकारीका लागि यो संशोधित कार्यविधि प्रकाशन गरेको छ ।**

# विहादी गाउँपालिकाको विपद राहत तथा आर्थिक सहायता व्यवस्थापन कार्यविधि, २०७५

प्रथम पटक संशोधन २०७९।०५।२९

दोस्रो पटक संशोधन : २०८०।११।१८

तेस्रो पटक संशोधन २०८३।०५।२३

**प्रस्तावना :** प्राकृतिक तथा मानविय विपद्का घटनाहरुले वर्षेनी गाउँबासीहरुमा विभिन्न किसिमको क्षति पुर्याउने गरेकाले विपद् बाट क्षति भएका मानिसहरुलाई तत्काल राहत उपलब्ध गराउन समय सापेक्ष राहत रकममा हेरफेर गर्न बाञ्छनिय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ञ) (६) बमोजिम विहादी गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी विहादी गाउँ कार्यपालिकाले यो कार्यविधि देहाय बमोजिम संशोधन गरी लागू गरेको छ।

**१. कोषको व्यवस्था:**

गाउंपालिकामा एक विपद राहत तथा आर्थिक सहायता कोष रहनेछ। नेपाल सरकार, प्रदेश सरकार, गाउँपालिका , निजी क्षेत्र, संघ संस्थाबाट प्राप्त रकम कोषमा जम्मा गरिनेछ। विपद राहत तथा आर्थिक सहायताको काममा समितिको निर्णयानुसार कोषबाट खर्च गरिनेछ। खर्च भएको रकमको प्रचलित कानून बमोजिम लेखापरीक्षण गरिनेछ।

**२. समितिको व्यवस्था :**

गाउँपालिकामा एक तपसिल बमोजिमको विपद राहत तथा आर्थिक सहायता व्यवस्थापन मूल समिति रहनेछ, सोही समितिको निर्णयानुसार कोषको रकम परिचालन गरिनेछ।

तपसिल

(१) गाँउपालिका अध्यक्ष— संयोजक

(२) गाँउपालिका उपाध्यक्ष — सदस्य

(३) वातावरण तथा विपद् व्यवस्थापन समितिको संयोजक – सदस्य

(४) स्वास्थ्य संयोजक — सदस्य

(५) प्राविधिक शाखा प्रमुख — सदस्य

(६) सुरक्षा निकायको प्रमुख / प्रतिनिध गाउँपालिकास्तरीय — सदस्य

(७) प्रमुख प्रशासकीय अधिकृत— सदस्य सचिव

आवश्यकता अनुसार समितिको बैठकमा अन्य विशेषज्ञलाई समेत आमन्त्रण गर्न सकिनेछ। आवश्यकतानुसार समितिको बैठक बस्नेछ।

**३. विपद् राहतको लागि सम्बन्धित परिवार तथा व्यक्तिलाई उपलब्ध गराउने राहतको विवरण (विपद रहत तथा आर्थिक सहायता व्यवस्थापन समितिको कार्यहरु )**

(क) विपदमा परी कुनै व्यक्तिको मृत्यु भएको रहेछ भने राहत स्वरुप प्रति मृतक रु. ५०,०००/- (पचास हजार) का दरले मृतकका परिवारलाई सहयोग उपलव्ध गराउने।

(ख) वसि राखेको घर आगालागिबाट पूर्ण रुपमा नष्ट भएमा आवश्यक व्यवस्था गर्नको लागि रु २०,०००/- (बीस हजार)

(ग) वसि राखेको घर बाढी पहिरो तथा अन्य विपत्तिबाट पूर्ण रुपमा नष्ट भएमा आवश्यक व्यवस्था गर्नको लागि रु २०,०००/- (बीस हजार) तथा आंशिक घर क्षति भई तत्काल मर्मतको लागि रु १०,०००/- (दश हजार) तथा गोठ आगलागिबाट पूर्ण नष्ट भएमा रु ८,०००/- (आठ हजार) अन्य कारणबाट गोठ पूर्ण नष्ट भएमा रु ८,०००/- (आठ हजार) प्रति परिवार राहत सहयोग उपलब्ध गराउने।

(घ) विपद्को घटनामा परि घाईतेहरुलाई सरकारी अस्पतालबाट उपचार गरि घर जान आर्थिक सहयोग स्वरुप प्रति व्यक्ति रु ५,०००/- (पाँच हजार) यातायात खर्च दिईनेछ।

(ङ) रोग लागि अति विपन्नताको कारणले उपचार गर्न जान नसक्नेलाई राहत स्वरुप रु ५,०००/- (पाँच हजार) सहयोग उपलब्ध गराउने।

(च) विपद्को कारणले पशु चौपाय मरेमा प्रति माउ भैसी रु ७,०००/- (सात हजार) प्रति गाई गोरु रु ५,०००/- (पाँच हजार) प्रति माउ बाख्रा, बंगुर रु ५,०००/- (पाँच हजार) प्रति पाठा पाठी, पाडा पाडी, बाच्छा बाच्छी रु ३,०००/- (तीन हजार) उपलब्ध गराउने।[1]

(छ) माथि उल्लेखित बुदा नं. (क) देखि (च) सम्म नपरेका आगालागी, बाढी पहिरो, हावाहुरी, असिना, सामान्य भुकम्प, पहिरो, चट्याङ आदि प्रकोपको कारण घर, गोठ, प्रयोगमा रहेको टहरो, खेतीपाती, पशु पंक्षी, तथा अन्य चल अचल सम्पत्ती सामान्य नोक्सान भएमा वा उक्त प्रकोपको कारण परिवारका सदस्यको शरिरमा सामान्य चोटपटक वा क्षती भई उपचार गर्न आर्थिक अवस्थाले नसक्ने भएमा स्थानीय टो विकास सस्थाको मुचुल्का तथा वडा कार्यालयको सिफारिस तथा क्षति देखिने फोटो, निवेदन आदि कागजातको आधारमा रु ५,०००/- (पाँच हजार) सम्म राहत सहयोग बिपद् व्यवस्थापन कोषबाट उपलब्ध गराउने।

(ज) दीर्घ रोग (क्यान्सर, मृगौला, जटिल मुटुरोग) लागेका विरामीहरुलाई उपचार गर्न अस्पताल सम्म जान यातायात खर्च बापत रु १५,०००/- (पन्ध्र हजार) उपलब्ध गराउने।[2]

[3](झ) अति विपन्न र जोखिममा परेका नागरिकहरुलाई घरवास संरक्षणको लागि रु ५०,०००/- (पचास हजार) उपलब्ध गराउने।

कोषबाट पीडितहरुलाई राहत वितरण गर्दा समितिको निर्णयानुसार राहत सहयोग उपलव्ध गराइने छ। तर तत्काल राहत उपलव्ध गराउनु पर्ने परिस्थिति भएमा समितिबाट अनुमोदन गराउने गरी वडाको सिफारिस, फोटा, सर्जमिन मुचुल्का, निवेदनका आधारमा पिडितलाई राहत उपलब्ध गराउन सकिनेछ। विशेष परिस्थति बाहेकका राहत रकम प्राप्त गर्नका लागि राहत सहयोग प्राप्त गर्ने

---

[1] (क) दे ख (च) सम्म २०७९।०९।२२ को निर्णयानुसार संशोधन

[2] (छ) र (ज) २०८०।०२।०८ गतेको कार्यपा लकाको निर्णयानुसार थप भएको

[3] २०८३।०५।२३ को कार्यपा लका निर्णयबाट थप

पीडितले घटना भएको ३० दिन भित्र प्रहरी सर्जमिन मुचुल्का, वडा कार्यालयको सिफारिस सहित समितिमा निवेदन पेश गर्नु पर्नेछ। मृतक तथा घाईतेको हकमा स्वास्थ्य संस्थाको प्रतिवेदन आवश्यक पर्नेछ।

**४. प्रतिवेदन पेश गर्नुपर्ने**

विपद् राहत तथा आर्थिक सहायता व्यवस्थापनको कार्यहरुको प्रतिवेदन गाउँ कार्यपालिको बैठकमा पेश गर्नुपर्नेछ।

**५. संशोधन तथा परिमार्जन**

यस कार्यविधिमा संशोधन गर्नुपरेमा गाउँ कार्यपालिकाको निर्णयबाट संशोधन तथा परिमार्जन गर्न सकिनेछ।

विहादी गाउँपालिका
Bihadi Rural Municipality
स्थाः २०७३
Est: 2073
समुन्नत विहादी, सम्मानित विहादीवासी